परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

❑ वर्ष ११ ❑ अंक ७ २०७९ भाद्र १९ गते आईतवार Sunday 4, SEP 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-





## धार्मिक एवं सांस्कृतिक विधीविधान पूर्वक गणेश महोत्सव



विराटनगर । प्रदेश १ को राजधानी विरटनगर महानगर पालिका-९ ठाकुरवाडी मार्गमा धार्मिक एवं सांस्कृतिक विधीविधान पुर्वक श्री गणपति महोत्सव मेला लागि रहेको छ ।

उक्त महोत्सवमा बेलुकी हुने महा आरतीमा नगरवासीहरुको उल्लेख्यि उपस्थिति रहेका छन् ।

श्री गणेश महोत्सव विधिवत रुपमा भाद्र१५ गते शूरु भई१९ गते आईतवार सम्म महोत्सव लाग्ने आयोजकले जानकारी गराएको छ । महोत्सवा भजन कीर्त, दिप यज्ञ तथा महा आर ती लगायत हुने गरेका छन् ।

महोत्सवमा स-परिवार बन्धुबान्धव सहित उपस्थित भई पुण्य लाभ उठाउन आयोजक समितिले हार्दिक अनुरोध गरेका थिए ।

त्यसैगरी शोभायात्रा तथा विसर्जन भाद्र १९ गते आईतबार दिउँसो ४ बजे हुनेछ । शोभायात्रा श्री रामजानकी मन्दिर अगाडि, ठाकुरबाडी रोडवाट शुरू हुनेछ ।

सो यात्रा श्री पञ्चमुखी हनुमान मन्दिर, महेन्द्र चौक, महावीर चौक, महावीर रोड, श्री काली मन्दिर, श्री सत्यनारायण मन्दिर हुँदै तिनपैनी चौकबाट श्री हनुमान मन्दिर छेउ सिंधिया नदीमा विसर्जन गरिने कुरा आायोजक समितिका महासचिव बैजनाथ कुमार गुप्ताले वताए ।

श्री गणपति महोत्सव विगत २०६४ सालदेखि निरन्तर रूपमा हुदै आएका छन ।

## सुनसरी क्षेत्र नं. १ बाट मुख्यमन्त्रीको नाम सिफारीस

विराटनगर । नेकपा एकीकृत समाजवादी सुनसरीले धरान निर्वाचन क्षेत्रबाट प्रतिनिधि सभा सदस्यका लागि प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईको नाम सिफारिस गरेको छ ।

जिल्ला कमिटीको शनिवार बसेको बैठकले मुख्यमन्त्री राईसहित थप तीन जनाको नाम प्रतिनिधि सभा सदस्यका लागि सिफारिस गर्ने निर्णय गरेको हो । बैठकले सुनसरी निर्वाचन क्षेत्र नं. १ बाट मुख्यमन्त्री राईसहित लक्ष्मण चौधरी र पदमा सुब्बा र जीवन राईको नाम सिफारिस गरेको छ ।

जिल्ला कमिटी सचिव बसन्त सुवेदीका अनुसार, बैठकले सोही निर्वाचन क्षेत्र नं. १ अन्तर्गत प्रदेश सभा सदस्य 'क' तर्फ सुष्मा राई, तारा लामगादे र एकराज सुब्बाको नाम उम्मेदवारको रुपमा सिफारिस गरेको छ । प्रदेश सभा 'ख' तर्फ रेवतीरमण राई, अमृता रामदाम र श्यामनारायण राजधामीको नाम सिफारिस गरिएको छ ।

त्यस्तै, इटहरी र इनरुवा केन्द्र रहेको निर्वाचन क्षेत्र नं. २ बाट धर्म निरौला, केपी सापकोटा र सरिता कार्की लामालाई प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवार सिफारिस गर्ने बैठकले निर्णय गरेको छ । यो निर्वाचन क्षेत्रअन्तर्गत प्रदेश सभा सदस्यको उम्मेदवारको सिफारिस अर्को

वांकी अन्तिम पेजमा...

## नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष श्रेष्ठ हुनुपर्ने माग

राजेश कुमार राजवंशी

विराटनगर । नेपाल पत्रकार महासघको सस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ हुनु पर्ने माग सहित फोनिज मोरङले नेपाल पत्रकार महासंघ मोरङलाई ज्ञापनपत्र बुझाएका छन् ।

विहिबार मोरङको विराटनगरमा रहेको महासंघको कार्यालयमा फोनिज मोरङले महासंघका अध्यक्ष संञ्जिव खनाल र सचिव नेत्र पि अधिकारीलाई ज्ञापन पत्र बुझाएको हो । फोनिज मोरङका अध्यक्ष दिनेश सुब्बा लिम्बुले ज्ञापन पत्र माग सहित संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठको फोटो फ्रेम हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा फोनिज संघीय सदस्य सदस्य सुजता लिम्बु, फोनिज प्रदेश सदस्य प्रेम देवान, जिल्ला कार्य समितिका सदस्यहरु उपस्थित थिए ।

भदौ १६ गते फोनिजको संघीय कार्य समितिको निर्णय अनुसार देशव्यापी रुपमा नेपाल पत्रकार महासघ जिल्ला शाखा मार्फत केन्द्रिय कार्यसमिति काठमाडौंलाई समेत ज्ञापनपत्र बुझाएको थियो ।

ज्ञापनपत्रमा वर्तमान नेपाल पत्रकार महासघको जग तत्कालीन 'नेपाल पत्रकार संघ' नै हो । नेपाल पत्रकार संघ गठन गरेर नेपाली पत्रकारलाई पहिलो पटक संगठित गर्ने व्यक्ति सत्यनारायण बहादुर श्रेष्ठ रहेका थिए । बि. स. २००८ बैशाख ९ गतेको पत्रकार भेलाले सत्यनारायण बहादुर श्रेष्ठको

वांकी अन्तिम पेजमा...

## पूजा सामग्री बनाउने फर्ममा कृषि मन्त्री दर्लामि

दमक । प्रदेश १ का कृषि मन्त्रि झलकसिंह दर्लामीले झापाको कमल गाँउपालिका वडा नं. ६ मा रहेको पुजा सामाग्रि उत्पादन गर्ने कृषि फर्मको अवलोकन गर्नु भएको छ ।

उहाँले यसलाई प्रवर्द्धनका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउदै नमुना काम रहेको पाएको वताउँदै गरेको काम फरक र नुमना छ, भन्दै मन्त्रि दर्लामीले प्रसंशा गर्नु भएको थियो ।

दिब्य दृष्टि भनेरेसन एण्ड एग्रो कन्सर्न प्रा.लि.को पुजा सामाग्रि उत्पादन स्थलमा बुधबार मन्त्रि मगर पुग्नु भएको थियो । पुजा सामाग्रिहरुमा अधिकाँश कृषि उत्पादनहरुको प्रयोग हुँदो रहेछ र यो फरक किसिमको काम देखेर खुशि लाग्यो, मन्त्रि मगरले खुशी व्यक्त गरेका थिए ।

पुजा सामाग्रिको रुपमा प्रयोग हुने तील, जौ लगायतका सामाग्रिहरु उत्पादनको बिषयमा पनि उहाँले चासो राख्नु भएको थियो । यहाँका किसानहरुलाई जोडेर के गर्न सकिन्छ त्यस बिषयमा पनि सोच्नु होला, मन्त्रि मगरको भनाई थियो ।

पुजा सामाग्रिमा शुरुवातमा पुर्वी नेपाल र मुलकलाई नै आत्मनिर्भर बनाउने उदेश्यले नव ग्रह समिधा, जटिबुटिजन्य हवन सामाग्रि, नेपालको पहिलो उत्पादन परिमल, गोमुत्र, गंगाजल, सप्तधान्य, मह, बाटेको धुप लगायतका सामाग्रिहरु यहाँ उत्पादन तथा प्रशोधन र प्याकेजिङ हुँदै आएको छ ।

फर्मका सञ्चालक यज्ञ प्रसाद आचार्य र विष्णुप्रसाद पोखरेलले फर्मको बिषयमा जानकारी गराउदै प्रत्यक्ष र अप्रत्यक्ष गरेर ५० भन्दा बढिले रोजगार पाइरहेको जानकारी गराउनु भएको थियो ।

गो मुत्र प्रशोधन केन्द्र

वांकी अन्तिम पेजमा...







क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## पूजा सामग्री...

स्थापना गर्ने उदेश्य अनुरुप काम भइरहेको समेत सो अवसरमा फर्मका सञ्चालकहरुले जानकारी गराउदै यसमा सहयोग गर्नका लागि आग्रह गरेका थिए ।

पुजा सामाग्रिको रुपमा प्रयोग हुने घर आँगनमा पाईने दुबो, कुश, अपमार्ग जस्ता सामाग्रि समेतमा भारतमा आत्मनिर्भर हुनु पर्ने अवस्था रहेको भन्दै नेपाल भर आफ्ना उत्पादन पुर्याउन सहयोग गर्न प्रदेश सरकारसंग माग गर्नु भएको छ ।

## सुनसरी...

बैठकले गर्ने सचिव सुवेदीले जानकारी दिएको छ ।

यस्तै, दुहवी केन्द्र रहेको निर्वाचन क्षेत्र नं. ३ बाट प्रतिनिधि सभा सदस्यमा मो. जैनुल हक मियाँ, कमला दुलाल र जुगुतनारायण चौधरीको नाम सिफारिस भएको छ । यो निर्वाचन क्षेत्रतर्फ प्रदेश सभा सदस्य ‘क’ मा केशव बिष्ट, गौरी परियार र नयनतारा सिटौला, प्रदेश सभा सदस्य ‘ख’ मा रामचन्द्र मटियैत, दीपक राई र रेखा गुरुङ सिफारिसमा पर्नुभएको छ ।

सुनसरी जिल्लाको दक्षिणी भेग समेटिएको निर्वाचन क्षेत्र नं. ४ बाट केशवप्रसाद तिम्सिना, डा. सीएन पाठक र कैलाश अन्जुमको नाम सिफारिस भएको छ । यो निर्वाचन क्षेत्रतर्फ प्रदेश सभा सदस्य ‘क’ मा बाबुराम बराल, परमानन्द पौडेल र कल्पना पोखरेल र प्रदेश सभा सदस्य ‘ख’ मा महफुज आलम अन्सारी, किरण कार्की र सवनम आरीको नाम सिफारिस गर्ने निर्णय गरिएको सचिव सुवेदीले वताए ।

## नेपाल...

सभापतीत्वमा ‘नेपाल पत्रकार संघ’ गठन गरेको थियो ।

बि. स. २००९ बैशाख २८ गते श्रेष्ठकै सभापतित्वमा तत्कालीन नेपाल पत्रकार संघ पुनर गठन भयो । थप पत्रकारलाई संघमा संगठित गर्ने उदेश्यका साथ संघको पुनगठन गरिएको थियो । अकाट्य तथ्यहरुका आधारमा हाल नेपाल पत्रकार महासघ (तत्कालीन नेपाल पत्रकार संघ) को संस्थापक सभापति (हाल अध्यक्ष) सत्यनारायण बहादुर श्रेष्ठ रहेका नै थिए भन्ने कुराको प्रमाणका रुपमा दस्तावेजहरुले पुष्टि गरिसकेको छ । तर, नेपाल पत्रकार महासंघले अकाट्य तथ्यहरुलाई नजरअन्दाज गर्दै सन्त नेता तथा पुर्व प्रधानमन्त्री कृष्ण प्रसाद भट्टराईलाई संस्थापक अध्यक्ष मान्दै आएको छ ।

महासघको यो कदमप्रति नेपाल पत्रकार महासघ (फोनिज) ले गम्भीर बिमती राख्दै आएको छ । बि. स. २०१२ चैत १६ गते नेपाल पत्रकार संघ पुनगठित हुँदा कृष्ण प्रसाद भट्टराई सभापति बन्नु भएको तथ्य साचो हो ।

उनको योगदानको हामी सबैले उच्च कदर गर्नुपर्छ, आदरभाव प्रकट गर्नु पर्दछ । फोनिज समन्यायिक समाज निर्माणको मान्यताबाट अग्रसर छ । सन्त नेता भट्टराईको सामाजिक, राजनितिक योगदानको यथोचित सम्मान र कदर होस भन्ने कुरामा हाम्रो बिमती छैन । तर, तथ्यहरुले नेपाल पत्रकार महासघको संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ हो भन्ने पुष्टि भैइसकेको अवस्थामा कृष्ण प्रसाद भट्टराई नै संस्थापक अध्यक्ष हो भन्नू स्वयम् भट्टराईको बिस्वार्थ योगदानको अपमान मात्र होईन, नेपाल पत्रकार संघ गठन गरेर पहिलो पटक नेपालका पत्रकारलाई संगठित गर्ने सत्यनारायण बहादुर श्रेष्ठको योगदानको अवमूल्यन गर्ने, अपमान गर्ने र ईतिहास नामोमिटान पार्न खोज्नु निसन्देह गलत काम हो ।

त्यसकारण प्राप्त तथ्य र प्रमाणहरुका आधारमा नेपाल पत्रकार महसघको संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ नै हुनुहुन्छ । यो तथ्य सर्वस्विकार्य बनिसकेको छ । यसर्थ, नेपाल पत्रकार महासघले आफ्नो दस्तावेजहरुमा महासंघको संस्थापक अध्यक्ष कृष्णप्रसाद भट्टराई हुनुहुन्छ भनी उल्लेख गरेका गलत बिवरण सच्याएर नेपाल पत्रकार महासघका संस्थापक अध्यक्ष सत्यनारायण बहादुर श्रेष्ठ हो भन्ने सहि तथ्यलाई स्थापित गराउन यसै ज्ञापनपत्र मार्फत नेपाल पत्रकार महासघको जोडदार माग गरिएको सो ज्ञापनपत्रमा उल्लेख गरेको छ ।

## नहरमा डुबी मृत्यु

सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिका-३ बाङ्गे स्थित चतरा झुम्का नहरमा नुहाउने क्रममा २ जनाको डुबी मृत्यु भएको छ । विहीवार बराहक्षेत्र-४ कि ३६ बर्षीया शोभो खडका र १४ बर्षीया सलिना खड्का पानीमा डुबी मृत्यु भएको थियो ।

शोभा खडकाको उपचारको क्रममा मृत्यु भएको थियो । भने पानीमा डुबी बेपत्ता भएकि सलिना खडकाको प्रहरी टोलीले खोज तलासको क्रममा ३०० मिटर टाढा नहरको पानीमा डुबी मृत अवस्थामा फेला परेको थियो ।

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थप अनुसन्धान भईरहेको छ ।

# एउटै बच्चा दुई पटक जन्माउँदै

सन्तान प्राप्ति आमाहरुको लागि अनुपम क्षण हो । तर गर्भधारण तथा बच्चा जन्माउने काम सजिलो चाहीँ छैन । कतिपय महिलाहरुमा यो क्रममा धेरै समस्या उत्पन्न हुन्छन् र ज्यानै समेत जान सक्दछ ।

चाहे प्राकृतिक जन्म होस् वा उपचार तथा शल्यक्रियाबाट गरिएको जन्म नै किन नहोस् । कुनैपनि बच्चाको जन्म एक पटक हुन्छ । कुनै बच्चा दुईपटक जन्मिने भन्ने हुँदैन । अर्थात् मानिसको जन्म र मृत्यु एक एक पटक नै हुन्छ ।

तर यो सत्यलाई एकजना महिलाले चुनौति दिँदैछिन् । उनले एउटा बच्चा दुई पटक जन्माउँदै छिन् ।

एउटै बच्चालाई दुईपटक जन्माउन लागेकी महिलाको नाम ज्याकलिन स्कूमर हो । उनी अमेरिकाकी हुन् ।

द सनमा प्रकाशित रिपोर्ट अनुसार ज्यानलिनले हालै टिकटकमा एक भिडियो पोस्ट गर्दै आफुले आफ्नो गर्भकी छोरीलाई कसरी दुईपटक जन्म दिनु परेको छ भनेर खुलासा गरेकी छिन् । वास्तवमा उनको त्यो कहानी सत्यतामा आधारित छ ।

समाचार अनुसार ज्याकलिनको गर्भमा रहेको बच्चालाई स्पिना बाइफिडा नामक रोग थियो । यो जन्मजात हुने एक शारीरिक विकार हो । यो रोगका कारण गर्भमा बिरामीको पिठ्यूँको हड्डी राम्रोसँग विकशित हुँदैन ।

ज्याकलिनको गर्भजाँचको क्रममा डाक्टरहरुले गर्भको बच्चामा उक्त समस्या रहेको पत्ता लगाए । त्यसपछि २३ औं हप्तामा ज्याकलिनको गर्भबाट बच्चा निकालियो । बच्चाको स्पाइनल सर्जरी गरियो र पुन: आमाको गर्भमै बच्चालाई हालियो ।

अब १४ हप्तापछि त्यो बच्चालाई गर्भमा राखेर ज्याकलिनले पुन: बच्चा जन्माउने छिन् । हाल उनको गर्भ ३० हप्ताको पुगेको छ र उनलाई पूर्णरुपमा बेड रेस्ट गर्न भनिएको छ । ज्याकलिन हरेक हप्ता डाक्टरकोमा गएर स्वास्थ्य परीक्षण गराउने गरेकी छिन् । एजेन्सीको सहयोगमा







## कोभिड-१९ को जोखिम कम गर्ने उपाय

- सही तरीकाले मास्क लगाऔं ।
- कम्तीमा २ मिटरको दुरी कायम गरौं ।
- साबुनपानीले नियमित हात धोऔं वा स्यानिटाइजर प्रयोग गरौं ।
- हावा ओहोरदोहोर हुने स्थानमा बसौं ।
- अरुको व्यक्तिगत प्रयोगका सामग्री प्रयोग नगरौं ।
- कोभिड-१९ विरुद्धको खोप तथा बुष्टर डोज लगाऔं ।

संक्रमण हुनवाट आफू पनि बचौ अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड



## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा, नवजात शिशुको उपचार गर्नुका साथै ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१


## विराटनगर महानगरपालिकाको सूचना

❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
❒ छाला भएको मासु नखाऔं र बिक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौं ।
❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
❒ बालश्रम शोषण समाजिक अपराध हो ।
❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं ।
❒ सार्वजनिक स्थलमा जतातती फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# मिटर ब्याजमा दोषी को ?

*नेपाल सरकारले अहिले मिटर ब्याज सम्बन्धी छानवीन गरी सरकारलाई प्रतिवेदन बुझाउन समिति गठन भएपछि समितिले ७७ वटै जिल्ला प्रशासन कार्यालयवाट मिटर ब्याज पिडितहरुको लगत संकलन गर्ने काम भई रहेको छ । जस अन्तर्ग मिटर ब्याजवाट पिडित सयौंको संख्यामा निवेदन दर्ता गराई सकेका छन् । निवेदन उपर कस्ता कारवाही हुन्छ ? त्यो समयले नै वताउने छ । मिटर ब्याज लगाउने र मिटर ब्याजमा रुपियाँले मध्ये को दोषी भन्ने कुरा छुट्याउन निकै नै गाह्रो विषय पनि हो । मिटर ब्याजमा रकम लिनेदिनेसंग कागज कानून वमोजिम बनाईन्छ भने मौखिक सर्तहरु वेग्लै हुन्छ । यी दवै पक्षले कित लिखित दस्तावेजलाई मान्नु पर्यो अथवा मौखिक सर्त दुवै पक्षले पालन गर्नु पर्छ । यी दुवै पक्षले नत लिखित सर्त पुरा गर्छ नत मौखिक सर्त पुरा गर्छ जसका कारण अहिले हजारौंको संख्या विवाद देखिएको छ । धेरै जस्ता ऋण लिने पिडित देखिएको छ । केही धनीहरु पनि पिडित भएको छन् ।*

*मिटर ब्याजमा ६८ हजार ऋण लिएपछि त्यो रकम ६८ लाख तिराउने सम्मका धनीहरु विरुद्ध निवेदन परेका छन् । मिटर ब्याजको समस्या गाउँ, शहर जहाँपनि छ । यसको मुख्य कारण हो सरकारी निती । सरकारी निती नियममा खेलेका वैकहरु, सहकारी संस्थाहरु, लगायतले गरीबलाई ऋण लगानी नगर्नु मुख्य कारण रहेको छ । घर संचालन गर्दा गर्दै अचानक घरमा कुनै सदस्यहरु विरामी परेमा त्यसको उपचारको लागि रकम खोज्दा त्यो रकम बढी ब्याजदर स्वीकार गरी ऋणीले लिन्छ । तमसुक भने कानुन बमोजिम ब्याज दरमा गर्छ । धेरै दिन रकम नर्तिदा त्यो रकम मौखिक सहमतीको ब्याज अनुसार बढ्दै जान्छ । त्यो अनुसार नतिर्दा बढी रकम थपेर बनाएको तमसुक अनुसार अदालतमा मुद्दा हाल्दा कागज अनुसार अदालतवाट फैसला आउँछ । अनि ऋणी चाही पिडित वन्दछ ।*

*ऋणको साँवाको ब्याज र ब्याजको स्याज गर्दै सुदखोरहरुले सोझासाधा गाउँलेलाई कस्ने गरेका छन् । त्यो वास्तवीक हो तर सरकारले सवैलाई ऋण प्रवाह गर्नु नसक्नु नै मिटर ब्याजमा गरीबहरु फसेको प्रष्ट बुझिन्छ । त्यसमा ऋण लगाउने धनीले कहिले पनि मेरो मिटर ब्याजमा लग भन्दैनन । मिटर ब्याजमा पैसा मलाई देउ भन्दै आउने ऋणी नै हुन्छ । मेरो जग्गा तिम्रो नाममा राख मलाई काम छ पैसा माग्न आउने ऋणीहरु नै हुन्छ । मिटर ब्याजको प्रथाहटाउन सरकारले व्यक्तिगत लेनदेन प्रथा हटाएर गाउँगाउँमा बैंक संचालन गरी त्यहीवाट सर्वसुलभ रुपमा ऋण प्रवाह गर्नु पर्छ । मिटर ब्याजमा दुवै पक्ष त्यतिकै दोषी छ । त्यसैले मिटर ब्याजको निर्णय एकदम सावधानी पूर्वक गर्नु पर्दछ ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईंका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यापार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्कवितर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै वौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पि,पु,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नु,ने,नो,या,यि,यु)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भु,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ।

**मकर (भो,जा,जी,जु,जे,ख,खि,खु,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ। भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारिरिक अस्वस्थता देखापर्नेछ।

# नागरिकता विधेयक
# काँग्रेसको पहल, दोहोरो भूमिकामा एमाले

भुवन न्यौपाने

संविधान जारी भएपछि कार्यान्वयनको यो चरणमा संसद्बाट कानुन निर्माण प्रक्रिया ज्यादै सुस्त गतिमा चलिरहेको छ। संसद्को विघटन, कार्यसम्पादनमा भएका गतिरोध र गणपूरक संख्याको अपुगका कारण धेरै विधेयक लामो समयदेखि विचाराधीन छन् भने कतिपय विधेयकमा सरकारले प्रारूप दिन सकिरहेको छैन। यस्तै, संसदमा दुई वर्षदेखि अड्किएको नागरिकता विधेयक, संसद्को ११औं अधिवेशनको दुवै संघीय सदनबाट पारित भए पनि राष्ट्रपतिबाट कारणसहित फिर्ता भएपछि फेरि प्रतिनिधिसभामा हुबहु पेश भएको छ। राष्ट्रपतिले विधेयक फिर्ता गरेपछि प्रतिपक्षले स्वागत गरेको छ भने सत्तापक्षले असन्तुष्टि जनाएको छ।

चुनावको मिति घोषणालगत्तै सत्ता गठबन्धनले संसद्बाट विधेयक पास गर्न खोजेपछि प्रतिपक्ष लगायत साना दलका नेताहरूले विरोधसहित विपक्षमा मत हाले। नागरिकता सम्बन्धी देखिएका संशयपूर्ण घोचपेच र विवादका कारण यो विधेयक थप पेचिलो बन्दै गइरहेको छ। विधेयक माथिका विवादका कारण यसले राजनीतिक तरङ्ग ल्याइदिएको छ। एकातर्फ, राजनीतिक स्वार्थ, सीमित दल र वर्गको सतही विश्लेषणका कारणले विधेयकका परिवर्तित व्यवस्थाका सन्दर्भमा नागरिक सुसूचित हुनसकेका छैनन्। अर्कातर्फ, सत्ता गठबन्धनले विधेयकलाई हुबहु पेश गरेपछि फेरि राजनीतिक विवादमा सम्मानित राष्ट्रपति पनि मुछिने संकेतहरू देखापरेका छन्।

एकातिर संसद्मा विधेयक विवादमै अड्किएको छ भने अर्कोतिर लाखौं युवा नागरिकता विहीन हुँदै विभिन्न अवसरबाट वञ्चित बनिरहेका जटिल सन्दर्भ छन्। नागरिकता विधेयक केवल मधेशमा मात्र होइन कि पहाड र हिमालमा समेत समस्याका रूपमा देखिएको थियो। सरकारले हजारौं नागरिकको समस्यालाई समयमा नै सम्बोधन गर्नुपर्ने अपरिहार्यता थियो। यस्तै नागरिकका समस्यालाई समयानुकूल सम्बोधन गर्दै विभिन्न समयमा व्यवस्था परिवर्तनको मियोको भूमिका निर्वाह गरेको कांग्रेस नेतृत्वको सरकारले आफ्ना नागरिकहरू नेपाली पहिचानबाट वञ्चित हुनुहुँदैन भन्ने विषयमा गम्भीर भएर नै विधेयकलाई संसद्बाट पास गरेर कार्यान्वयन गर्ने पहल गरेको हो।

पक्ष र विपक्षमा विवाद

संसद् र समाजमा जस्तै सामाजिक सञ्जालमा समेत विधेयकको पक्ष र विपक्षमा बहस र चर्चा चुलिएको छ। नेपाली नागरिकसँग विवाह गरेर आउने महिलाले तत्कालै अङ्गीकृत नागरिकता पाउने लगायत प्रावधानका सन्दर्भमा माओवादीको विवाद रहँदै आए पनि प्रचण्डको भारत भ्रमणपश्चात् एकाएक समर्थनमा उत्रिएको विषयमा आशंका उब्जिएका छन्। राजनीतिक परिघटनाहरू जस्तै नागरिकता विधेयकमा समेत भारतको हस्तक्षेप र राष्ट्रियताको खतरा रहेको विपक्षीहरूले सरकारमाथि आरोप लगाउँछन्। तर, त्यस्तो कुनै पनि आशंका पुष्टि हुने प्रमाणहरू देखिँदैनन्। र, सरकारले पनि त्यसको खण्डन गर्दै स्पष्टीकरण दिइसकेको छ।

नागरिकता विधेयकमा विवाद देखिएका प्रावधानमध्ये जन्मसिद्ध नागरिकका सन्तानले वंशजको नागरिकता पाउने, कतिपय सन्दर्भमा प्रतिपक्ष एमालेले खुला सिमानाको विषयलाई पनि समस्याका रूपमा उठाइरहेको छ। नेपाली नागरिकसँग विवाह गरेर आउने महिलाले तत्कालै अङ्गीकृत नागरिकता पाउनेलगायतका प्रावधान ७० वर्षदेखिकै कानुनी व्यवस्थामा रही प्रचलनमा छ। एमालेले यो व्यवस्थालाई परिवर्तन गर्न चाहन्छ। तर, त्यसका लागि संविधान नै संशोधन गर्नुपर्ने हुन्छ। जुन कुरा चुनाव घोषणा भइसकेपछि सम्भव देखिंदैन। कुनै पनि नागरिकलाई विधेयकका प्रावधान अनुरूप, अनुगमन र पहिचानका आधारमा मात्र नागरिकता प्रदान गर्ने व्यवस्थालाई एमालेले बेवास्ता गरेको देखिएको छ।

परिवर्तित नयाँ प्रावधान

मुख्यतया नागरिकता विधेयकमा विगतको व्यवस्था र ओली सरकारले तयार पारेको प्रारूप मध्येबाट केही परिवर्तन भएका छन्। जुन परिवर्तनले पहिलो, जन्मसिद्धका सन्तानले नागरिकता पाउने छन्। संविधान बमोजिम नै विधेयकले जन्मको आधारमा नागरिकता पाएका -जन्मसिद्ध नागरिक) हरूका सन्तानलाई नागरिकता प्राप्त गर्न बाटो खोल्ने व्यवस्था गरेको छ।

दोस्रो, आमाको नामबाट मात्र पनि नागरिकता पाइनेछ। यद्यपि यसरी नागरिकता पाउन चार वटा शर्त भने विधेयकले राखेको छ। नेपालको नागरिक आमाबाट नेपालमा जन्म भएको, नेपालमा नै बसोबास गरेको, बाबुको पहिचान हुन नसकेको र त्यस्तो पहिचान हुन नसकेको भन्दै स्वघोषणा गर्ने व्यक्तिले आमाको नामबाट मात्र वंशजको नागरिकता पाउने छ। बाबुको पहिचान हुन नसकेको व्यहोराको नागरिकता लिने व्यक्ति वा उसको आमाले स्वघोषणा गर्नुपर्ने प्रावधान विधेयकमा छ।

तेस्रो, विधेयकले पहिलो पटक गैरआवासीय नेपाली नागरिकता प्राप्त गर्ने बाटो खोल्नेछ। विदेशमा रहेका कुनै पनि नेपालीका बाबु वा आमा, बाजे वा बज्यै साविकमा नेपालको नागरिक रहेको प्रमाण भए त्यस्ता व्यक्तिले गैरआवासीय नागरिकता प्राप्त गर्नेछन्। तर, सार्क मुलुकमा रहेका र बसोबास गरेका नागरिकहरूले यस्तो नागरिकता प्राप्त गर्न सक्ने छैनन्।

तर, वैवाहिक अंगीकृत नागरिकताका सम्बन्धमा फैलाइएको भ्रममा सत्यता छैन। नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिने व्यवस्था अहिलेको विधेयकले गर्न लागेको र यसले राष्ट्रियता नै खतरामा पर्ने भनी दुष्प्रचार गरेर निहित राजनीतिक स्वार्थ पूरा गर्न नेपाली जनतामा भ्रम सृजना र दुष्प्रचार भएको जस्तो विधेयकमा कुनै पनि व्यवस्था राखिएको छैन। जसमा विगत ७० वर्षदेखि नै चल्दै आएको प्रावधान नै कायम छ।

(अ)नागरिकलाई नागरिकता को पहल

सत्ता गठबन्धन र यसको नेतृत्व लाखौं नागरिक नागरिकता विहीन भएको समस्यालाई ध्यानमा राख्दै काम गरिरहेको छ। नागरिकता हरेक नागरिकको पहिचान र जन्मसिद्ध हक हो। कानुन बमोजिम नागरिकता विहीनको समस्याको सम्बोधनका खातिर अहिले सरकारले पहल गरिरहेको छ। संवैधानिक प्रावधान अनुरूप नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गराई राज्य विहीनताको अवस्थामा राख्न मिल्दैन। यसो गर्नु भनेको राज्य आफ्नो नागरिकप्रतिको दायित्व बाट विमुख हुनु हो। यही अवस्थालाई हृदयङ्गम गरी राज्यले आफ्नो दायित्वबोध गर्दै नेपाली बाबु-आमाका सन्तानलाई नागरिकता उपलब्ध गराउन यो विधेयक ल्याउन जरूरी ठानेको हो।

नागरिकता- नागरिक र राज्यबीचको सम्बन्धको पहिचान आधार हो। राज्यले प्रत्याभूत गर्नुपर्ने मौलिक हक, आर्थिक, सामाजिक र राजनीतिक अधिकार एवं राज्यप्रति नागरिकहरूको कर्तव्य सुनिश्चित गर्न राज्यले आफ्ना नागरिकलाई नागरिकको दर्जा दिएर वैधानिकता प्रदान गरेको हुन्छ। नेपालको संविधान २०७२ को धारा १० ले 'कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन' भन्ने व्यवस्था गरेको छ। अन्तर्राष्ट्रिय मानवअधिकारको मान्यता अनुरूप पनि कुनै पनि व्यक्तिलाई राज्यविहीनताको अवस्थामा राख्न पाइँदैन।

मुलुकको भूगोल भित्र रहेर -अ)नागरिक हुनु परेको पीडा, आधारभूत अवसरहरूबाट वञ्चित हुनुपरेको अवस्था, भविष्यको अन्योलता, पहिचानको लडाइँ, कानुनी नजिरका साथै संवैधानिक व्यवस्थाहरूलाई मध्यनजर गरी मानवअधिकार र मौलिक हकको सुनिश्चितताका लागि सरकारले आफ्नो नियमित कार्यसम्पादनलाई अगाडि बढाएको हो। लोकतन्त्र र लोककल्याणकारी सिद्धान्तलाई अवलम्बन गर्ने लोकतान्त्रिक पार्टी र मुलुकले सामना गरेको अप्ठेरो परिस्थितिमा नेतृत्वदायी भूमिकामा सधैं अगाडि देखिने नेपाली कांग्रेसले नागरिकका समस्याबाट पछि हट्नुहुँदैन भन्ने आशयले यस विधेयकलाई यही अधिवेशनबाट पास गरी कार्यान्वयनमा ल्याउने पहल कदमी लिएको हो।

कांग्रेसको एजेण्डा

नागरिकताको विषयमा नेपालमा खासगरी वामपन्थी र दक्षिणपन्थी कित्तामा विरोधाभास देखिने गरेको छ। नेपाली कांग्रेसले संविधान निर्माणको क्रममा नै आफ्नो उदार दृष्टिकोण स्पष्ट रूपमा राखेको थियो। नेपाली कांग्रेसको स्पष्ट र ठोस दृष्टिकोणको कारणले नै संविधानमा नागरिकता सम्बन्धी उदार व्यवस्था गरिएको थियो। विशेषगरी महामन्त्रीद्वय गगन कुमार थापा र विश्वप्रकाश शर्मा सुरुदेखि नै सरकार र कानुनी अभावका कारण लाखौं नागरिक आफ्नो पहिचान, अधिकार र भविष्यबाट वञ्चित हुनुहुँदैन भन्ने सन्दर्भमा स्पष्ट थिए। सोही अनुरूप नै पार्टी भित्र र बाहिरका छलफलमा समेत यो विषयलाई सुझबुझ ढंगले अगाडि बढाउने सक्रियता देखिइएको थियो।

नागरिक र राष्ट्रलाई केन्द्रमा राखेर दुवैको हितका लागि सम्बन्धित विषयहरूमा सरोकारवाला निकायहरूसँग पटक-पटक बसेर एवम् आफैं अध्ययन-अनुसन्धान गरी भविष्यमा यो व्यवस्थाले ल्याउन सक्ने लाभ र जोखिमका सन्दर्भमा स्पष्टता सहित सरकारलाई यो विधेयक अगाडि बढाउन आग्रह गरेका हुन्। तर, २०७४ पछि बनेको तत्कालीन नेकपाको सरकारले नागरिकता विधेयक अघि बढाएन। अहिले संविधान निर्माण भएको सात वर्षपछि कांग्रेस नेतृत्वको सरकारले संविधानको भावना अनुसार कानुन निर्माण गरेको छ।

विश्वव्यापीकरण, ग्लोबल भिलेज र ग्लोबल सिटिजनको अवधारणामा विश्व समुदाय पहिचानसहितको बहुसांस्कृतिक,

बाँकी ५ पेजमा...

# प्रतिवन्धीत लागुऔषध सहित विभिन्न ठाउँबाट नौ पक्राउ

विराटनगर। प्रतिवन्धीत लागु औषध सहित विभिन्न ठाउँबाट प्रहरीले ९ जनालाई पक्राउ गरका छन्।

घटनाको विवरण अनुसार मोरङको बिराटनगर महानगर पालिका-१४ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

गत सुक्रवार बेलुका लागुऔषध बिक्रि बितरण भईरहेको भन्ने बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले रामधुनी नगरपालिका-८ घर भई बिराटनगर-१४ मुण्डा पोखरी स्थितमा डेरा गरी बसेकी २७ बर्षीया सरस्वती गुरुङको कोठा खानतलासी गर्ने क्रममा १४ ग्राम ६१ मिलिग्राम ब्राउन सुगर, डिजिटल तराजु सहित पक्राउ गरिएको थियो।

त्यसैगरी सिन्धुपाल्चोक चौताराका २६ बर्षीय बिकाश थापा, बिरानगर-१५ का २४ बर्षीय बरुण साह, बिराटनगर-३ का ३० बर्षीय आशिस हमाल, बिराटगर-१३ का ३० बर्षीय सुलभ रिजाल र धरान-२० का २३ बर्षीय रोशन लिम्वु समेत ६ जनालाई प्रहरीले पक्राउ गरेको थियो।

त्यसैगरी मोरङको बेलबारी नगरपालिका-१ स्थितबाट प्रतिवन्धित लागुऔषध सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

सोमवार वेलुका लागु औषध खरिद बिक्री भईरहेको भन्ने बिशेष सुचनाका आधारमा इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले बेलबारी-१ का सुरज गुरुङको घर कोठा खान तलासी गर्दा १ ग्राम २२० मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो।



सोही स्थानमा संकास्पद अबस्थामा रहेका बेलबारी ४ का ३८ वर्षीय ईन्द्र गुरुङ र ४१ वर्षीय बिनोद राईको साथबाट नेटराभेट ४२ चक्की र डाईलेक्स डीसी-३ बोतल समेत फेला परेकोले तीनै जनालाई पक्राउ गरिएको थियो।

पक्राउ परेका उनीहरुको सम्मानित मोरङ जिल्ला अदालतबाट लागुऔषध कसुरमा म्याद थप गरी अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

## *मगही भाषामें*
# *श्रापित चन्द्रमाके पूजा आर चौरचन के महत्व, विधी आर कथा*

वैदिक पंचाङ्गके अनुसार भदौ महिनाके शुक्ल पक्ष के चतुर्थी तिथि के दिन गणेश चतुर्थी मनावल जाय हैय। वहे दिन चौरचन पवनी करलजाय हैय।

यी पवनी भारतके विहार राज्य और नेपालके २२ जिल्ला तराई मधेशमे रहैवाला मधेशी समुदाय मनाव हैय। चौरचन पवनीके दिन चन्द्र देवके उपासना करलजाय हैय। कहल जाय हैय कि जे व्यक्ति गणेश चतुर्थी के साझमे भगवान गणेश के साथ चन्द्र देवके पूजा करत है ओ व्यक्ति चन्द्र दोष से मुक्ती पावत हैय।

चौरचन पूजा अर्थात गणेश चतुर्थी (चौठी) तिथिमे साझके समयमे चन्द्रमाके देखके पूजा करल जाय हैय। चौरचन पवनीके वारेमे पुरानमे एक वर्णन मिलल है कि चौरचनके दिन चन्द्रमाके एक कलंक लागल रहलन। वहे कारण चन्द्रमाके देखैल मनाही है।




चौरचनके महत्व :

प्रकृतीसे जुडल पवनी चौरचनके महत्व वहुत है। देखल जाय त एक दिसर सूर्यदेव के उपासना कैरके लोग छठपर्व मनबै हैय। वहीना दोसर तर्फसे चौरचनके पवनी चन्द्रदेव के पूजा कैरकै विशेष धुमधामसे मनावल जाय हैय। चौरचनके दिन चन्द्र देवके पूजा करलासे कलंकसे बचल जाय हैय।

चौरचनके पूजा विधी :

चौरचनके दिन घरआगन सरसफाई, लिपपोत कैरके स्नान कैरके पवित्र मनके साथ उपवास रहिके पूजामे लीन रहत हैय। साझके समयमे घरके आगनके गायके गोवर से लिपपोत कैरके साफ करत हैय। वहे ठाममे केलाके पत्ता पर पूजा सामग्री सव रखल जाय हैय। जयसन कि मिठ पकवान खीर, मिठाय, दही, फलफूल, पुरी, दलपुरी, दुध, गंगाके पानी, साफा पानी लगायतके सामग्री रैखके उपवासर करल व्यक्ति पश्चिम मुखसे खडा होयके करल जाय है।

उपवास करल व्यक्तिके हात मे पूजाके सामग्री राखैत चन्द्रमाके देखैते घरपरिवारके सम्पूर्ण व्यक्ति पूजा सामग्रीमे जल आर दुधके अर्ध दय हैय। सव डाली सव प्रेम पूर्वक चन्द्रमाके अर्पन करल जाय हैय। सम्पूर्ण पूजा सामग्री चन्द्रमाके समर्पित करै हैय। ओकर वाद पूजा करल ठाममे घरपरिवार आर नातागोता, करकुटुमके लोग सव बैठके पकवान सव खाय हैय। खैलाके वाद सम्पूर्ण झुठ सव केलाके पत्ता सहित वही जगहमे मैट खुइनके गाडल जायके सेहो चलन हैय।

चौरचन के कथा

एक दिन भगवान गणेश अप्पन वाहन मूसा के साथ कैलाश पर घुमैत रहलन। वहे समय अचानक चन्द्र देव ओकरा देखके हाँसे लगल, गणेक जी के चन्द्र देवके हँसलाके वजह समझमे नय आयलन। ओकर वाद गणेश जी चन्द्र देवके पुछलहन कि काहेल हँसली? ओकर जवाफ दैत चन्द्रमा कहलहन भगवान गणेश के विचित्र रुप देखकर हलहन। साथे ही ओकर रुपके सेहो वखान करलहन।

गणेश जी के चन्द्र देव के मजाक उडालाके प्रवृति पर क्रोध कैलहन आर चन्द्रदेवके श्राप देलहन तू अपन रुप पर वहुत अभिमान करत ही कि तुम बहुत सुन्दर दिखत हिय लेखिन आइसे तु कुरुप हो हो जायव आर कोइ तोहराके देखत ते ओकरो झूडा कलंक लगजाय। कोनो अपराध नहियो कैलाके बाबजुत वह अपराधी कहल जाय।

श्राप सुनते हि चन्दै देव के अभिमान चूर चूर हो गेलहन। ओकर वाद चन्द्र देव गणेश जी से क्षमा मागैत इ श्रापसे मुक्त करैके याचना करलहन। चन्द्र देवके पश्चाताप करैत देखके गणेश ओकरा क्षमा कहिलहन। श्राप पुरा तरह से फिर्ता नहि लियल जाय सकत इसलिए कहल गेल कि जे कोइ व्यक्ति गणेश चतुर्थी के दिन चन्द्र देव के देखत। ओकरा पर झुठ आरोग लागत। ओकरा से बचैके लेल ही गणेश चतुर्थी के साझ मे चन्द्रमा के पूजा करल जाय हैय।


## सार्वजनिक सूचना

*आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं।*

*कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १*






# फरार प्रतिवादीहरु पक्राउ

बिराटनगर। मोरङ जिल्ला अदालतको बिभिन्न आदेशले कैद तथा जरिवाना फैसला भई फरार रहेका २ जना फरार प्रतिवादीलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर रिट समुहबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको छ।

चोरी मुद्धामा सम्मानित जिल्ला अदालत मोरङको २०७६ अषाढ ११ गतेको फैसला आदेशले २५ दिन कैद र १ लाख ५० हजार जरीवाना तोकिएका ईटहरी उप-महानगरपालिका-१३ का ३७ बर्षीय भुवन राजवंशी र लागु औषध मुद्धामा २०७७ फागुन ३ गतेको फैसला आदेशले ३ महिना २५ दिन कैद तोकिएका ईटहरी उप-महानगरपालिका-१० का ३० बर्षीय ज्ञानेन्द्र चौधरीलाई १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर को रिट समुहबाट खटिएको प्रहरी टोलीले आज दिउँसो पक्राउ गरेको थियो।

पक्राउ परेका दुबै जनालाई जिल्ला अदालत बिराटनगरमा उपस्थित गराईएकोमा तोकिएको कैद भुक्तानको लागी जिल्ला कारागार पठाएको छ।

## ३७ लाख बराबरको विभिन्न सामग्री प्रहरीद्धारा बरामद



विराटनगर। मोरङको बिराटनगर महानगरपालिका-१२ रोडशेस चोक स्थितबाट प्रहरीले भन्सार छली गरी नेपाल भित्राउदै गरेको अवैध सामग्री बरामद गरेको छ।

मंगलवार जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेक जाँच गर्ने क्रममा बिआर ७ के १७२४ नम्वरको ट्र्याक्टरमा करिव ३७ लाख मुल्य बरावरको बिभिन्न प्रकारका मोटर पार्टसहरु भारतबाट अबैध रुपमा भन्सार छली नेपाल भित्राउदै गरेको अवस्थामा बरामद गरेको थियो।

प्रहरीले बरामद गरेको अवैध सामग्री तथा ट्र्याक्टर र चालक भारत अररियाका तलुवा मुर्मु सहितलाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय इटहरी सुनसरीमा बुझाएको र अन्य अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।


## हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ।
- बालश्रमको प्रयोग नगरौं।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख विरुवा रोपौं।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं।
- धर्म, संस्कृतिको संरक्षण गरौं।
- सार्वजनिक स्थलमा फोहर नफालौ। गाउँलाई सफा राखौ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ।
- जेष्ठ नागरिकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं।

जहदा गाउँपालिकाको कार्यालय मझारे, मोरंग, प्रदेश १



## कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो। त्यसैले कर तिरौं देशको राजश्व बढाऔं।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस्।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर।

अन्तरिक राजश्व कार्यालय विराटनगर


# विहानै तातोपानीमा महृ र कागती मिसाएर खाँदा हुन्छन् यस्ता फाईदा



१. पाचन सुधार्छ

पाचनलाई सुधार्नका लागि बिहान तातो पानीमा मह र कागती मिसाएर खानुपर्छ। यसले पेट सफा राख्न मद्दत गर्नुका साथै कलेजोमा रसको उत्पादनलाई बढाउँछ, जसबाट पाचन प्रक्रियामा मद्दत मिल्छ। कागतीमा रहेको एसिडले पाचनप्रणालीलाई मजबूत पार्न मद्दत गर्छ र अवान्छित विषाक्त पदार्थलाई बाहिर निकाल्छ। यसका अलावा महले एक एन्टीब्याक्टेरियलको रुपमा काम गर्छ र शरीरमा रहेको कुनै पनि प्रकारको संक्रमण हटाउँन मद्दत गर्छ।

२. कब्जियत हटाउँछ

तातोपानीमा मह र कागती मिसाएर खानाले कब्जियतलाई समेत निको पार्ट। यसले आँतलाई प्रोत्साहित गरेर दिसा खलास गर्नमा सहयोग गर्छ। यसका अलावा यसले आन्त्र म्युकसलाई बढावा दिन्छ। सुख्खा भएको दिसालाई भिजाउँछ। यसले दिसा गर्न सहयोग गर्छ।

३. लिम्फेटिक सिस्टमको सफाईमा सहयोगी

लिम्फेटिक सिस्टममा पानी र आवश्यक तरल पदार्थको कमी भएमा थकान महसुस हुन्छ। कब्जियत, सुत्न समस्या, उच्च या न्युन रक्तचाप, तनाव र मानसिक स्वास्थ्यमा असर पर्छ। बिहान-बिहान यो मिश्रण पिउनाले लिम्फेटिक सिस्टम सुख्खा हुन मद्दत गर्छ, जसबाट प्रतिरक्षा प्रणालीमा पनि सुधार हुन्छ।

४. मुख स्वास्थ्यमा सुधार

एसिडिक प्रकृतिको कागती, मह र तातो पानी पिउनाले मुख गन्हाउने समस्या समाधान हुन्छ। कागतीले आक्रामक ब्याक्टेरिया लाई मारेर मुख शुद्ध गर्न मद्दत गर्छ। मुख गन्हाउने मुख्य कारण जिब्रोमा जमेको सेतो भाग (खाद्य तथा ब्याक्टेरियाका कारण यस्तो हुन्छ) पनि हो। कागतीसहितको यो मिश्रणले यस्तो सेतो भागलाई हटाएर मुख गन्हाउने समस्या प्राकृतिक रुपमा हटाउँछ।

५. मूत्रबर्द्धक रुपमा कार्य गर्छ

महमा शक्तिशाली एन्टी ब्याक्टेरियल गुण हुन्छ। यसमा कैयौ प्रकारको संक्रमण हटाउने क्षमता हुन्छ। कागती, तातो पानी र महको मिश्रणले एक उत्कृष्ट मूत्रल (शरीरबाट पानी बाहिर निकाल्ने तत्व) को रुपमा काम गर्छ। मूत्रमार्गलाई सफा गर्ने यो सबैभन्दा राम्रो तरिका हो। युटिआई या मूत्रमार्ग संक्रमण बाट पीडित महिलाका लागि यो मिश्रण वरदान साबित हुन्छ।

६. इनर्जी लेबल बढाउँछ

मह र तातो पानीको मिश्रणले शरीरमा इनर्जी वृद्धि गर्छ। शरीरमा बढी इनर्जी उत्पन्न हुँदा शरीरको मेटाबोलिज्म र कार्यप्रणालीमा वृद्धि हुन्छ। महले शरीरका अंगलाई ठीक ढंगबाट काम गर्न प्रेरित गर्छ। बिहान तातो पानी तथा कागतीका साथ मह लिनाले शरीर दिनभर उर्जावान बन्छ।

७. तौल घटाउन उपयोगी

मह, कागती र तातोपानीको मिश्रण सेवन गर्नाले भोक पनि कम लाग्छ। यसमा फाइबर पाइन्छ,जसले भोक र सुगर लेबललाई कम गरी पर्याप्त इनर्जी प्रदान गर्छ। यसैले नियमित रुपमा बिहान यसको सेवन गर्नाले दिनभर खाने खानामा पनि कमी हुन्छ। जसबाट तौल घटाउन पनि मद्दत मिल्छ।

८. पोषक तत्व र भिटामिनले भरपूर

मह र कागतीका साथ तातो पानी सेवन गर्दा शरीरका लागि एन्टीअक्सिडेन्ट, भिटामिन र अन्य पोषकतत्व पाइन्छ। यसका अलावा यसमा एन्टिइन्फ्लामेटोरी गुण पनि पाइन्छ। यसैले यसको सेवनले शरीरको रोगप्रतिरोधी प्रणाली मजबूत हुन्छ।

९. रोग प्रतिरोधी क्षमता मजबूत हुन्छ

यसको नियमित सेवनले शरीरको प्रतिरोधी क्षमतामा वृद्धि हुन्छ। मह र कागतीमा भएको एन्टिअक्सिडेन्ट र अन्य पोषक तत्वले मौसम परिवर्तनसंगै हुने संक्रमणबाट पनि बचाउँछ।

# कर्तव्य ज्यान, लागुऔषध र सवारी ज्यान मुद्धाका फरार प्रतिवादीहरुलाई पक्राउ गरी कारागार चलान

बिराटनगर। १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगर रिट सहमुहको प्रहरी टोलीले बिभिन्न मुद्धाका फरार प्रतिवादी ३ जनालाई पक्राउ गरेको छ।

फरार प्रतिवादी खोज तालासको क्रममा प्रहरी टोलीले गाउँघरमा नै लुकिछिपी बसेको अवस्थामा शिवसताक्षी गाउँ पालिका-८ झापाका ३७ बर्षीय दिप्सन लावती, सुन्दर हरैचा नगरपालिका-७ मोरङका २५ बर्षीय सुरज परियार र धरान उप-महा नगरपालिका-४ सुनसरीका ४९ बर्षीय महेन्द्र बहादुर थापालाई पक्राउ गरेको थियो।

दिप्सन लावती सम्मानित सर्बोच्च अदालतको मिति २०६५ फागुण २३ गतेको फैसलाले सम्मानित पुनराबेदन अदालत बाट भएको फैसला सदर भई जन्म कैद ठहरेको कर्तब्य ज्यान मुद्धामा फरार रहेको थियो।

उनलाई रिट समुह र जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो भने परियार लागु औषध मुद्धामा सम्मानित जिल्ला अदालत सुनसरीको २०७५ फागुण २६ गतेको सजाय निर्धारण फैसला आदेशले २५ दिन कैद, २ हजार रुपैया जरीवाना र थापा सवारी ज्यान मुद्धामा सम्मानित जिल्ला अदालत मोरङको २०७७ फागुण ९ गतेको सजाय निर्धारण फैसला आदेशले २ महिना ५ दिन कैद र २ हजार रुपैया जरीवाना बेरुजु रहि फरार रहेका थिए।

पक्राउ परेका तीनै जनालाई सम्मानित अदालतको आदेशले कैद भुक्तानको लागी कारागार पठाईएको छ।




# आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवको विदाई

विराटनगर । प्रदेश १ का आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव कालीप्रसाद पराजुलीको सम्मान तथा बिदाइ गरिएको छ ।

सङ्घीय सरकारको कृषि मन्त्रालयमा सरुवा भएका पराजुलीको आइतबार एक कार्यक्रमको आयोजना गरी उज्ज्वल भविष्यको कामना गर्दै मन्त्री केदार कार्की लगायत मन्त्रालयका कर्मचारीहरूले बिदाइ गरेका हुन् ।

कार्यक्रममा बोल्दै मन्त्री कार्कीले जनताका काम गर्नका लागि सचिव पराजुलीसंगको सहकार्य सुखद रहेको बताउनुभयो । शान्ति सुरक्षा, विकाश निर्माण, विपद व्यवस्थापनको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको बताउनुभयो । 'विपद्को वेला नागरिकलाई सुरक्षित स्थानमा सार्ने होस या राहत व्यवस्थापनको काम यसपालि हामीले कुनै ढिला गरेनौं, मन्त्री कार्कीले भन्नुभयो, विपक्षीले सदनमा कुरा नउठाउँदै राहत पुगिसकेको छ, कोसीमा आएको बाढीबाट प्रभावितलाई होस या ताप्लेजुङमा पहिरो प्रभावितलाई तत्काल राहत पुर्यायौं ।'

सो अबसरमा सचिव पराजुलीले आफ्नो मन्त्रालय बसाई पनि सुखद रहेको बताउनुभएको थियो । 'मन्त्रीज्यू हरेक काममा सक्रिय भएर लाग्नुभयो, र कार्यसम्पादनमा सफलता मिल्यो । उहाँले भन्नुभयो, स्थानीय तहको निर्वाचन पनि शान्तिपूर्ण ढंगले सम्पन्न गरेका छौं'

सोही अवसरमा मन्त्रालय बाट सरुवा भएका महाशाखा प्रमुख ओमकार प्रसाद न्यौपाने, उपेन्द्र श्रेष्ठ तथा शाखा अधिकृतमा बढुवा भएका जीवन काफ्लेको पनि सम्मान तथा बिदाइ गरिएको थियो ।


सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्होरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर प्रदेश नं. १



हार्दिक अनुरोध

- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौ ।
- बालश्रमको प्रयोग नगरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहु वर्षीय रुख बिरुवा रोपौं ।
- भूकम्प प्रतिरोधि घर निर्माण गरौ ।
- अनुमति लिएर मात्र पसल व्यवसाय संचालन गरौं र वार्षिक नविकरण गरौं ।
- धर्म, संस्कृतिको संरक्षण गरौं ।
- सार्वजनिक स्थलमा फोहर नफालौ । गाउँलाई सफा राखौ ।
- महिला हिंसा अन्त्यका लाग आ-आफ्नो ठाउँबाट काम गरौ ।
- जेष्ठ नागरिकहरूलाई उचित स्याहार सुसार सहित सम्मान गरौं ।

धनपालथान गाउँपालिकाको कार्यालय, कर्सिया
मोरंग, प्रदेश १



क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक


## नागरिकता...

बहुजातीय, बहुभाषिक, बहुधार्मिक, मानवीयता, राष्ट्रियता, मूल्य मान्यतामा मानिसहरू नजिकिँदै गइरहेका छन् । यो पृष्ठभूमिमा आफ्ना नागरिकलाई नागरिकता जस्तो आधारभूत विषयमा अड्काएर राख्नु उचित नहुने तर्क कांग्रेसको हुने गरेको छ । तर, यसो भन्दै गर्दा नागरिकता जस्तो आधारभूत र राष्ट्रिय महत्वका विषयमा कांग्रेस सधैं सचेत छ ।

खुला सीमाको संवेदनशीलता, स्वघोषणाको तात्पर्यता, कानुनी व्यवस्था, यथेष्ट पहिचानको कमि, प्रशासनिक कागजात विनाका गैरकानुनी प्रयोजनका प्रयासमा कांग्रेस सधैं चनाखो रही त्यस्ता विषयलाई कुनै पनि समयमा प्रश्रय नदिने स्पष्ट छन् ।

कांग्रेसको नेतृत्वमा रहेको सरकारले ल्याएको विधेयक पार्टी भित्र व्यापक रूपमा छलफल भएर नै अगाडि बढाइएको हो । पर्याप्त मात्रामा अध्ययन, अनुसन्धान, कानुनी प्रावधान र विद्यमान समस्यालाई कांग्रेसको पहलमा समाधान गर्ने एउटा प्रयास हो । लोकतन्त्र र संवैधानिक व्यवस्थालाई आत्मसात् गर्ने साथै नागरिक र राष्ट्रिय हितलाई शिरोधार्य गर्ने हाम्रो एजेण्डा पनि हो । कतिपय विषय संविधानमा समेत कमि भएका हुनसक्छन् ती विषयको पहिचान, अध्ययन र परिष्कृतका सन्दर्भमा जनताको माग, आवश्यकता र समयानुकूल कानुनी र प्रशासनिक व्यवस्थाका लागि यो पुस्ता सदैव चनाखो रहेको महामन्त्रीद्वयको धारणा छ ।

त्यसो त, सत्ता गठबन्धन दलभित्र नागरिकता विधेयकको विषयमा साझा धारणा नबनिरहेको अवस्थामा गृहमन्त्री बालकृष्ण खाँणको सक्रियताले विधेयक संसद्सम्म प्रस्तुत भएको हो । नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा पेश भएपछि उनले यो विधेयकलाई यसै पटक टुंगो लगाउन कोशिश गरेका हुन् । पूर्ववर्ती ओली सरकारले पर्याप्त छलफल नगरी अड्काइरहेको विधेयक र नागरिकको व्यापक गुनासोका कारण यसलाई टुंगो लगाउन गृहमन्त्री सक्रियतापूर्वक लागेका छन् ।

सत्ता गठबन्धनका दलमध्ये नेपाली कांग्रेस र जनता समाजवादी पार्टी -जसपा) नागरिकता विधेयक चाँडो पास गर्ने पक्षमा रहे पनि माओवादी केन्द्र र नेकपा एस भने अलमलमा नै थिए । वैवाहिक अंगीकृत नागरिकताको विषयमा सत्ता साझेदार दलभित्रै फरक मत थियो । कांग्रेस पुरानै प्रावधानलाई समेटेर विधेयक पास गराउनुपर्ने पक्षमा थियो भने माओवादी र नेकपा एस वैवाहिक अंगीकृतको हकमा सातवर्षे प्रावधान कायम गर्नुपर्ने पक्षमा थिए । गृहमन्त्रीको निरन्तर भेटघाट र सक्रियताले फरक मतलाई साझा धारणा सहित सहमतिमा ल्याएर विधेयकलाई अगाडि बढाएको हो ।

नागरिकता विधेयकमा साझा धारणा गराउन सत्ता गठबन्धनका घटक र प्रतिपक्षका नेताहरूसँग पनि छलफल, समस्याको समाधान र सहमतिको प्रारूपमा पनि खाँणको पहल सराहनीय देखिएको छ । विधेयक ल्याउन गृहमन्त्री खाँणले विभिन्न दलका नेतासँग पनि परामर्श गरेका थिए । उनले प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका शीर्ष नेता र अन्य नेतासँग बारम्बार छलफल गरेका थिए । प्रमुख प्रतिपक्षी दल एमाले अध्यक्ष केपी शर्मा ओलीलाई कानुन मन्त्रीलगायतले असार ३ गते उनकै निवासमा पुगेर भेटेका थिए । सत्ता गठबन्धन दलका शीर्ष नेता पुष्पकमल दाहाल, माधवकुमार नेपाल, उपेन्द्र यादवसँग पटक-पटक छलफल गरेका थिए । जसको सक्रियताले विधेयकको मस्यौदा भई संसदमा टेबुल भएको थियो ।

नागरिकतासम्बन्धी कानुन निर्माणको सन्दर्भमा पनि निकै मिहिनेत गर्नुपरेको थियो । सत्तारुढ गठबन्धनका साथै प्रमुख प्रतिपक्षी दलका नेतासँग समेत संवाद र परामर्श गरी नागरिकता विधेयक पास गर्न पहल र प्रयत्न गर्नुपरेको थियो । त्यसैले दुवै सदनबाट पास पनि भयो । नागरिकता भएका बाबुआमाका सन्ततिले समेत नागरिकता पाएका छैनन् । नयाँ कानुन बनेसँगै अब उनीहरूका लागि नागरिकता प्राप्त गर्ने अवसर प्राप्त भयो । गैरआवासीय नेपालीले राजनीतिक अधिकार बाहेक आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसहितको नागरिकता पाउने अवसर प्राप्त भएको छ ।

### एमालेको दोहोरो चरित्र

संसद् विघटनपश्चात् सत्ताबाट बाहिरिएको एमाले प्रतिपक्ष भूमिकामा भने दोहोरो चरित्रमा प्रस्तुत भइरहेको आशंकापूर्ण गतिविधि देखिन्छन् । संसद्को पुन:स्थापनापछि लामो समय संसद् अवरुद्धमा समय व्यतित गरेको एमालेले आफ्नै सरकार भएका बेला प्रस्तुत गरेको नागरिकता विधेयकका सन्दर्भमा सत्ता पक्षको विरोध जनाएर प्रतिपक्षको रचनात्मक भूमिकाबाट चुकेको देखिन्छ । राजनीतिक सौदावाजी र वक्रदृष्टिका कारण नागरिकको भविष्य र पहिचानसँग जोडिएको भावनामा खेलबाड गरिएको हो कि भन्ने आशंका उब्जिएका छन् ।

चुनावको सन्निकटमा राष्ट्रियताका विषयमा चर्को समर्थन गर्दै नागरिकलाई भ्रममा पार्ने एमालेको विगतदेखिकै राजनीतिक रणनीति नै हो । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलालाई वैवाहिक अंगीकृत नागरिकता दिने प्रावधान विगत ७० वर्षदेखि नै प्रचनलमा रहेको यथार्थलाई बिर्सेर एमाले सत्य र तथ्यको विरुद्धमा उत्रिएको जस्तो देखिन्छ । नाकाबन्दीका समयमा जस्तै राष्ट्रियताको विषयलाई उठाएर जनतालाई नागरिकताका विषयमा पनि विरोध जनाएर चुनावी नारा बनाउनका लागि एमालेले खोजेको हो कि भन्ने आमजनतामा शंका उब्जिएको छ ।

पछिल्लो पटक आफ्नै नेतृत्व को सरकारले अध्यादेश ल्याउँदा पनि वैवाहिक अंगीकृतको हकमा नेपाल नागरिकता ऐन २०६३ को व्यवस्थालाई निरन्तरता दिई समयावधिको व्यवस्था गरिएन । जुन प्रावधानले २००९ सालदेखि - नेपालको संविधान २०१९ को दोस्रो संशोधन, २०३२ सालदेखि तेस्रो संशोधन २०३७ हुनु अघिसम्म बाहेक) हालसम्म निरन्तरता पाएको छ । पछिल्लो समय नागरिकतासँग सम्बन्धित समस्या दुई वर्षसम्म संसदमा छलफल हुँदा पनि टुङ्गो लाग्न नसकेका कारण विधेयक फिर्ता लिएर सरकारले नयाँ विधेयक संसदमा लगेको हो । जुन कुरामा एमालेका नेताहरू स्पष्ट रूपमा जानकार छन् । तर, राष्ट्रपतिले रहस्यमय रूपमा प्रमाणीकरण नगरी पुन: संसदमा नै फिर्ता गरेपछि नयाँ विवाद र थप अन्योल सिर्जना भएको छ । वास्तवमा राष्ट्रवाद को नाममा नेपाली नागरिकलाई नागरिकताविहीन बनाउनु राष्ट्रघात हो, जनता विरुद्धको षडयन्त्र हो ।

एमालेले राखेको विमति २०७८ सालमा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पेश गरिएको अध्यादेश र हाल पेश भएको विधेयकमा वैवाहिक अंगीकृत नागरिकता सम्बन्धी व्यवस्थामा कुनै फरक छैन । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न अहिले नयाँ व्यवस्था गरिएको जस्तो वा जनमानसमा हल्ला चलेको जस्तो ५ वर्ष वा ७ वर्ष जस्ता कुनै पनि समयावधि तोकिएको थिएन र छैन पनि । नेपालको संविधान, २०७२- धारा ६ को व्यवस्था अनुसार नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानुन बमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछन् भन्ने विषय स्पष्ट नै छ । विगतमा, नेपाल अधिराज्यको संविधान- २०४७, नेपालको अन्तरिम संविधान- २०६३ र नेपाल नागरिकता ऐन- २०६३ मा समेत सोही किसिमको प्रावधान छ ।

केपी शर्मा ओलीको प्रधानमन्त्रीकालमा ३ वर्ष ५ महिनासम्म दुई तिहाइको सरकारले संविधानको प्रावधान अनुरूप नागरिकता ऐन ल्याउन पनि सकेन र वैवाहिक अंगीकृतको हकमा समयावधि पनि राखेन । अहिले समयावधि नराखी नागरिकता दिंदा राष्ट्रको अस्मितामा आँच पुग्ने भनी दुष्प्रचार गरेर भ्रम सिर्जना गर्ने काम भएको छ । अहिले वैवाहिक अंगीकृतलाई नागरिकता दिंदा निश्चित समायावधि नतोक्दा राष्ट्रियता नै खतरामा पर्छ भन्नु दुष्प्रचार भन्दा बढी केही होइन । यो भ्रमबाट सबै नेपाली जनता मुक्त हुनुपर्दछ । पार्टीले तथ्य र प्रमाण विना नागरिकलाई भ्रमित पारेर विभाजित गर्नु पनि हुँदैन ।

### विरोधको सस्तो लोकप्रियता

नयाँ संविधानमा परिकल्पना गरिएको व्यवस्था कार्यान्वयनका लागि ल्याइएको विधेयकमा अझै कतिपय विषयहरूमा सांसदहरू को सस्तो विरोध र फरक मत देखिएको छ । तर, ती फरक मतलाई नियालेर हेर्दा सामान्य राजनीतिक प्रतिक्रिया र चुनावको सन्निकटमा जनमैत्री हुन चाहने सस्तो र सटिक लोकप्रियता जस्तो देखिन्छन् । जुन कुराले केही नागरिकहरूमा भ्रम सिर्जना भएको छ । केही संसद् बाहिरका दलहरू राजनीतिक स्टन्टका लागि पनि विरोधमा उत्रिएका छन् ।

राष्ट्रियताको विषयलाई उचालेर चुनावको सन्निकटमा साना र केही विखण्डनकारी दल एवम् राजनीतिक उचाइको मोहका लागि सस्तो प्रचारवाजी मा मत विभाजन गर्न खोजेको देखिन्छ । यस सन्दर्भमा आमनागरिक सचेत रहनु अत्यावश्यक छ । यसर्थ, राजनीतिको सीमित स्वार्थ र घेरामा देखिएको वक्रदृष्टिका कारण हालसम्म नेपाली पहिचान बोकेका तर कानुनी रूपमा नागरिकताबाट वञ्चित नागरिक आफ्नो पहिचानबाट विमुख हुनुहुँदैन । सरकार, राजनीतिक दल र सरोकारवाला निकाय हरूले यो गम्भीरतालाई राज्यको दायित्वका रूपमा राष्ट्रिय र जनहितलाई केन्द्रमा राखेर कार्यसम्पादन गर्नु जरूरी छ भने राजनीतिक आवरण भिरेर गैर-राजनीतिक भ्रम फैलाउनेहरूका विरुद्ध जनता सचेत हुनैपर्छ ।


